## परिचय

पुर्खाले संरक्षण गरी हामीलाई जिम्मा लगाएर गएका भौतिक, अभौतिक सम्पदा र त्यस अनुरूपको जीवनशैलीको समष्टिगत स्वरूप नै नेपालको संस्कृति हो । यस भित्र भाषा, धर्म, संस्कार, रीतिरिवाज, चालचलन, परम्परा, मूल्यमान्यता, खानपान, भेषभूषा, नाँचगान, पर्व, जात्रा आदि जस्ता अभौतिक सम्पदाहरु र मठ-मन्दिर, स्तुप, चर्च, मस्जिद, गुम्बा, विहार, भवन, ताल, तलैया, गुफा आदि जस्ता भौतिक सम्पदाहरू पर्दछन् । संस्कृति निरन्तर बगिरहने स्वच्छ, निर्मल एवं कंचन पानी जस्तै हो । अर्थात्, संस्कृति त्यो जटिल समग्रता हो जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानून, चालचलन, परम्परा तथा अन्य क्षमताहरू सम्मिलित हुन्छन्, जसलाई समाजको सदस्यका नाताले मानिसले अंगालेको हुन्छ ।

## नेपालको चिनारी

उत्तर-दक्षिण १९३ किलोमिटर र पूर्व-पश्चिम ८८५ किलोमिटर लम्बाई भएको नेपालमा १०३ भन्दा बढी जातजाति, ९२ भन्दा बढी भाषाभाषी, चालचलन, रीतिरिवाज र भौगोलिक विविधता भएको देश हो । जातीय, भाषिक, धार्मिक, सांस्कृतिक र भौगोलिक विविधता नै नेपालको विशेषता तथा चिनारी हो । संस्कृति दुई प्रकारका हुन्छन् :

## भौतिक संस्कृति

देख्न, छुन सकिने र प्रयोग गरिने जस्तै बाजागाजा, गरगहना, भेषभूषा, हस्तकलाका सामग्रीहरू, खानाका परिकारहरू, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक स्थल, चित्रकला, मूर्तिकला, काष्ठकला आदि ।








## अभौतिक संस्कृति

कुनै भौतिक आकार नभएको, अनुभव गरी आनन्द लिन सकिने जस्तै चालचलन, रीतिरिवाज, संस्कार, जात्रा, चाडपर्व, नृत्य, गीत, संगीत, कला, साहित्य, प्रवचन, मन्त्र, सामाजिक कार्य, परम्परागत कलाकौशल आदि ।







## सांस्कृतिक विविधता

नेपालमा जात, धर्म र भौगोलिक वनावट अनुसार विभिन्न जाति, जनजाति जस्तै शेर्पा, नेवार, तामाङ, राई, लिम्बू, मगर, राउटे, राजी, थारु, यादव, राजवंशी, मुसहर, तेली, शाह, झाँगड, ब्राम्हण, क्षत्री, कुसुण्डा, बनकरिया, सुरेल, हायु, किसान, लेप्चा, मेचे, कोचे, कुशवाडिया आदि जातजातिहरुको वसोवास रहेको छ । उनीहरुको आ-आफ्नै प्रकारको भाषा, चालचलन र संस्कृतिहरु छन् यो नै नेपालको सांस्कृतिक विविधता हो ।









## सांस्कृतिक उत्पादन

परापूर्व कालदेखि आफ्नो सीप, कला, कौशल र स्थानीय स्रोत साधन प्रयोग गरी कुनै पनि व्यक्ति वा समुदायले उत्पादन गरी प्रयोग गर्दै आएका भौतिक तथा अभौतिक सामग्रीहरु सांस्कृतिक उत्पादन हुन् । यिनीहरुले भौगोलिक, जातीय, परम्परागत, धार्मिक तथा ऐतिहासिक महत्व बोकेका हुन्छन । जस्तै :

- करुवा, मानापाथी, खुकुरी, ढाल तरबार, मूर्ति आदि धातुका सांस्कृतिक उत्पादन
- हाडी, घैटो, कहतारो, पाला, लोहोरो, सिलौटो आदि ढुंगामाटोका सांस्कृतिक उत्पादन
- ढकिया, डोको, गुन्द्री, भेषभूषा, धागो ,कपडा, कुचो सुकुल आदि रेशावाट बनेका सांस्कृतिक उत्पादन
- कोशी, ठेकी, पिर्का, जुवा, मूर्ति आदि काठका सांस्कृतिक उत्पादन
- राडीपाखी, गलैचा, लिउ, कपडा, झोला आदि ऊनबाट बनेका सांस्कृतिक उत्पादन
- जुत्ता, झोला, थैली आदि छालाका सांस्कृतिक उत्पादन
- मिथिला, थारु चित्रकला, थान्का, पौवा चित्र आदि परम्परागत जातीय सांस्कृतिक उत्पादन
- गीत, संगीत, कला, नृत्य, प्रहसन, नाट्य आदि अभौतिक सांस्कृतिक उत्पादनहरु आदि





**सांस्कृतिक उत्पादनको संरक्षण र प्रवर्द्धन गर्न स्थानीय स्तरमा व्यक्ति, संस्था, समुदाय साथै राष्ट्रिय स्तरमा सरकारी र गैरसरकारी निकाय आदिको महत्वपूर्ण भूमिका रहन्छ ।**

## सांस्कृतिक उत्पादन : जीविकोपार्जनको एक माध्यम

- आ-आफ्नो कला, सीप, दक्षता आदिलाई आय आर्जनको माध्यम बनाउने
- सांस्कृतिक उत्पादनमा आधारित उद्योग सञ्चालन गर्ने
- सांस्कृतिक महत्वलाई कायम राख्दै उत्पादित सामग्रीहरूको गुणस्तरमा वृद्धि गरी व्यवसायीकरण गर्ने
- सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन व्यक्ति, समाज तथा राष्ट्रिय तहबाट गर्ने

- अन्तर-सांस्कृतिक साहित्य र भाषामा रुचि राख्दै त्यसबाट आनन्द लिने
- जाति तथा जनजातिहरूको परम्परागत खानाको परिकारमा अभिरुचि राख्दै आफ्ना खाना खान प्रोत्साहन गर्ने



## अन्तर-सांस्कृतिक सद्भाव किन ?

- समाजमा शान्ति र सह-अस्तित्व वृद्धि गर्न
- सहकार्य र साझा सद्भाव विकास गर्न
- जातीय विभेदको अन्त्य र भाइचाराको सम्बन्ध विकास गर्न
- आन्तरिक र वाहृय पर्यटन वृद्धि गर्नमा सकारात्मक भूमिका निर्वाह गरी स्थानीय र राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउन

## अन्तर-सांस्कृतिक सद्भाव कसरी वृद्धि गर्ने ?

- सबैले आ-आफ्नो संस्कृतिको पालना गर्ने तथा अरूको संस्कृतिको सम्मान गर्ने
- समाजमा सबैजना मिलिजुली बस्ने र एक अर्काको चाडपर्व, मेला, जात्रा तथा उत्सवहरूमा सहभागी हुने
- सांस्कृतिक सामग्रीहरूको प्रयोग गर्ने र प्रयोगमा प्रोत्साहित गर्ने
- अन्तर-सांस्कृतिक सहभोज, वनभोज आदिको आयोजना गर्ने
- सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धन व्यक्ति, समाज तथा राष्ट्रिय तहबाट गर्ने
- अन्तर-सांस्कृतिक साहित्य र भाषामा रुचि राख्दै आनन्द लिने
- जाति तथा जनजातिहरुको परम्परागत खानाको परिकारको महत्व वारे जानकारी गराउने तथा खाना खान प्रोत्साहन गर्ने




## सांस्कृतिक अधिकार सम्बन्धी महासन्धिहरू

- संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि, १९७२
- युनेस्कोद्वारा अभौतिक सांस्कृतिक सम्पदाको सुरक्षा सम्बन्धी महासन्धि, २००३

## साँस्कृतिक अधिकारहरू

- सबैले आ-आफ्नो भाषा बोल्न पाउने, आ-आफ्नो भाषामा अध्ययन गर्न पाउने
- स्वतन्त्र रूपमा आफ्ना परम्पराहरू मान्न पाउने, सामाजिक जीवनमा भाग लिन पाउने
- कलाहरूको आनन्द लिन पाउने
- आफ्नो सीप अनुसारको काम गर्न पाउने
- आ-आफ्नो आस्था अनुसारको धर्म मान्न तथा धार्मिक कार्यहरूमा भाग लिन पाउने
- मठ, मन्दिर, पाटीपौवा, मस्जिद, मूर्ति आदि धार्मिक, पौराणिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरूको संरक्षण गर्न पाउने
- परम्परागत सामग्रीहरू उत्पादन तथा बिक्री वितरण गर्न पाउने
- साँस्कृतिक अधिकारको पालना, सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने
- आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको सम्मान गर्ने

## संस्कृति संरक्षण गर्ने उपायहरू

- प्रत्येक संस्कृतिको अध्ययन, अनुसन्धान एवं लिपिबद्ध गरी प्रकाशन गर्ने
- साँस्कृतिक परम्परा, संस्कार बारेमा वृत्तचित्र, नाटक आदि तयार गरी प्रसारण गर्ने
- साँस्कृतिक उत्सव तथा महोत्सवहरुको आयोजना गर्ने
- साँस्कृतिक भेषभुषा, गरगहना आदिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने
- परम्परागत सीप, प्रविधि, ज्ञान आदिलाई समय अनुसार प्रयोगमा ल्याउने
- संस्कृतिको प्रचार प्रसार, विभिन्न निकायबाट गोष्ठि, तालिम आदिको माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गर्ने

## संस्कृति संरक्षणमा संलग्न सरोकारवाला निकायहरू

संस्कृति मन्त्रालय, पुरातत्व विभाग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालय संस्कृति विभाग, साँस्कृतिक संस्थान, गुठी संस्थान, राष्ट्रिय सङ्ग्रहालय आदि । **माथिका निकायहरूका साथै संस्कृति संरक्षण गर्ने जिम्मेवारी हामी सबैको हो र संस्कृतिको संरक्षण आम जनसमुदायबाट हुनुपर्छ । संस्कृतिको संरक्षण गर्नु हाम्रो दायित्व साथै कर्तव्य हो ।**

## अल्पसंख्यक र लोपोन्मुख जातिको साँस्कृतिक पहिचान



नेपालमा विभिन्न अल्पसंख्यक तथा लोपोन्मुख जाति वा समुदायहरुको बसोवास रहेको छ जस्तैः मेचे, कोचे, वनकरिया, राउटे, चिडिमार, गन्धर्व, चेपाङ, सोनाहा, राजी, माझी, मुसहर, दराई, कुमाल आदि । अहिले यी जाति वा समुदायहरु लोपोन्मुख अवस्थामा छन् । यी जाति वा समुदाय र उनीहरुको संस्कृतिको पहिचान, संरक्षण, उत्थान एवं प्रवर्द्धन गर्नु आजको आवश्यकता हो ।

**अल्पसंख्यक तथा आदिवासी जनजातिहरुको हक, हित र अधिकार सुनिश्चित गर्न नेपाल सरकारद्वारा अनुमोदित अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू निम्न छन् :**

- आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्र, २००७
- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि, १६९
- आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणापत्र, २००७ को धारा १२ ले आदिवासी जनजातिहरुलाई उनीहरूको आध्यात्मिक तथा धार्मिक परम्परा, रीतिरिवाज तथा उत्सवहरू मान्ने, प्रदर्शन गर्ने, तिनको विकास गर्ने, धार्मिक तथा साँस्कृतिक स्थलहरूको सम्भार, संरक्षण तथा ती स्थलहरूमा परम्परा अनुसार प्रवेश आदिको अधिकारको व्यवस्था गरिएको छ ।
- अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १६९ को धारा २ मा आदिवासी तथा जनजातिहरूका सामाजिक एवं साँस्कृतिक पहिचान, रीतिरिवाज, प्रथा तथा संस्थाहरूप्रति सम्मान राख्दै उनीहरूको सामाजिक, साँस्कृतिक, आर्थिक अधिकारहरू पूर्ण कार्यान्वयनको प्रवर्द्धन गर्ने काम राज्यको दायित्व भएको उल्लेख गरिएको छ । त्यस्तै धारा ४ मा संस्कृतिको रक्षा गर्न विशेष व्यवस्था अपनाउने उल्लेख गरिएको छ ।

## विश्व सम्पदा सूचीमा समावेश भएका हाम्रा सम्पदाहरू

पशुपतिनाथ ,बौद्धनाथ स्तुप, भक्तपुर दरबार क्षेत्र ,काठमाडौं दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, चाँगुनारायण मन्दिर, स्वयम्भूनाथ, लुम्बिनी परिसर आदि । साँस्कृतिक सम्पदाको महत्व बारे हामीहरूले प्रचार प्रसार गर्नु पर्दछ ।









## साँस्कृतिक सम्पदाको महत्व



नेपालमा भएका विभिन्न जात जातिले निश्चित समय देखि अपनाउदै आएका भाषा, धर्म, परम्परा, चाडपर्व, रीतिरिवाज, संस्कार, मूल्यमान्यता, जात्रा, खानपान, भेषभुषा, गरगहना, नृत्य, नाट्य, बाजागाजा, साहित्य, कला, कौशल त्यस्तै विभिन्न मठ, मन्दिर, चैत्य, गुम्वा, मस्जिद, खोलानाला, ताल, तलैया आदि सबै नेपालको साँस्कृतिक सम्पदाहरू हुन । यी सम्पदाहरु हाम्रा अमूल्य सम्पत्ति हुन् । **यिनीहरूको पहिचान, संरक्षण र सम्बर्द्धन गरिरहेमा मात्र हाम्रो पहिचान र संस्कृति सधै जीवन्त रहन्छ ।**

- संस्कृतिले व्यक्ति तथा जात जातिको पहिचानलाई जीवन्त राख्छ
- संस्कृतिले पुर्खाको सम्झना गराउँछ, ऐतिहासिक महत्व बोकेको हुन्छ र इतिहासलाई जीवन्त राख्छ
- संस्कृतिले समाजमा एक आपसमा सद्भाव कायम गर्न मिलेर बस्न सिकाउछ
- संस्कृति प्रकृतिसँग गाँसिएको छ र यसले वातावरण संरक्षणमा पनि प्रमुख भूमिका खेल्छ
- संस्कृतिले राष्ट्रिय गौरव तथा अन्तर्राष्ट्रिय रुपमा पहिचान गराउँछ
- संस्कृतिले सीप, कला तथा शिक्षामा विकास गर्न प्रोत्साहन दिन्छ
- संस्कृतिले आम्दानीको स्रोत बढाउन मद्दत गर्छ
- संस्कृतिले पर्यटकलाई आकर्षण गराउँछ र पर्यटक भित्र्याउन महत्वपूर्ण भूमिका खेल्छ
- साँस्कृतिक सम्पदाहरू देशको अमूल्य सम्पत्ति हुन्

**सबैको उत्तिकै पहिचान, सम्मान र सह-अस्तित्वबाट नै परिवार, समाज र देशको अस्तित्व रहन्छ । सह-अस्तित्व र सहकार्य नै आजको आवश्यकता हो ।**

**वर्ल्डभ्यू नेपालद्वारा सेसीको सहकार्य र युरोपियन युनियनको सहयोगमा सञ्चालित सह-अस्तित्व परियोजना अन्तर्गत उत्पादित**

(Ref No: DCI-HUM/2009/206-711) © Worldview Nepal-2011

**Worldview Nepal**
GPO Box 2912, Kathmandu Nepal
www.worldview.org.np
www.nepalculture.org.np

Design/Illustrations: Raju Babu Shakya (SARAB)

सह-अस्तित्व

# हाम्रो संस्कृति, हाम्रो पहिचान ।
# सबैको संस्कृति, उत्तिकै सम्मान ।।



Worldview Nepal

European Union

CECI